# साझेदारीका सिद्धान्तहरु
## प्रतिवद्धताको वक्तव्य

विश्व मानवीय मञ्चद्वारा १२ जुलाई २००७ मा स्वीकृत गरिएको

जुलाई २००६ मा स्थापना भएको विश्व मानवीय मञ्चले संयुक्त राष्ट्रसंघका तथा अन्य गैर राष्ट्रसंघका मानवीय सहयोग गर्ने निकायहरुलाई समान धरातलमा ल्याएको छ ।

- हाम्रा सेवाग्राहीहरुप्रति नैतिक दायित्व र जवाफदेहितामा आधारित भइ मानवीय क्रियाकलापको प्रभावकारीतामा अभिवृद्धि गर्न प्रयासरत हुदै,
- विविधता मानवीय समुदायको सम्पत्ति हो भन्ने कुरालाई आत्मसात् र अन्तर्राष्ट्रिय मानवीय संस्थाहरु बीचको अन्तरनिर्भरतालाई पहिचान गर्दै,
- प्रभावकारी साझेदारी विकास र प्रवर्द्धनमा प्रतिबद्ध रहदै,

विश्व मानवीय मञ्चमा सहभागी भएका संगठनहरुले आफ्नो साझेदारीलाई यी निम्न सिद्धान्तहरुमा आधारीत गर्न सहमत भएका छन् ।

**समानता**ः समानताको लागि संस्थागत शक्ति र संरचना जस्तो भए पनि साझेदारीमा साझेदारहरु बिचको पारस्परिक सम्मानको आवश्यकता पर्दछ । सहभागीहरुले एकअर्काका कार्यादेश, दायित्व र स्वतन्त्रतालाई सम्मान गर्न अनिवार्य हुन्छ, साथै एकअर्काका कार्यसीमा र प्रतिबद्धताहरु पनि पहिचान गर्नुपर्दछ । पारस्परिक सम्मानले संगठनहरुबिच रचनात्मक असहमति राख्न रोक्नु हुँदैन ।

**पारदर्शिता** : पूर्व परामर्श तथा सूचना प्रवाहमा आधारित हुदै गरिएको सम्वाद तथा छलफलबाट(समान धरातलमा रहदै) पारदर्शिता प्राप्त गर्न सकिन्छ । संचार र पारदर्शिता, विशेष गरि वित्तिय पारदर्शिताले संगठनहरुको आपसी विश्वासलाई अभिवृद्धि गर्दछ ।

**परिणाममुखी विधि** : प्रभावकारी मानवीय क्रियाकलाप यथार्थमा आधारित तथा कार्यमुखी हुनुपर्दछ । यसका लागि प्रभावकारी सक्षमता तथा ठोस कार्य संचालन क्षमतामा आधारित परिणाममुखी समन्वयको आवश्यकता पर्दछ ।

**उत्तरदायित्वः** आफ्ना कार्यहरु जिम्मेवारीपूर्ण, सान्र्दभिक र उपयुक्त तरिकावाट सम्पादन गर्न मानवीय संस्थाहरुको एक आपसबिच नैतिक दायित्व रहन्छ । यिनीहरुले आफूसंग श्रोत, दक्षता ,सीप र कार्यक्षमता भएको सुनिश्चित गरेर मात्र कार्यक्रम संचालन गर्न प्रतिबद्ध हुनु पर्दछ । मानवीय संस्थाहरुमा हुने गरेका दुरुपयोगहरुको कडा नियन्त्रण गर्न पनि स्थिर रुपमा प्रयास गरिनु पर्दछ ।

**परिपुरकताः** विविधता मानवीय समुदायको सम्पत्ति तब हुन सक्छ जब हामीले तुलनात्मक क्षमताहरुलाई बढावा दिंदै एकअर्काको योगदानको परिपुरक हुन सक्छौं । स्थानीय क्षमता मूख्य सम्पतिहरु मध्ये एक हो जसको अभिवृद्धि र बढावा गर्नुपर्दछ । स्थानीय क्षमतालाई संभव भए सम्म मानवीय संस्थाहरुले आपत्कालीन सहयोगको महत्वपूर्ण अंग बनाउन प्रयास गर्नु पर्दछ । भाषिक तथा सांस्कृतिक अवरोधहरुको पनि समाधान जरुरी छ ।